**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २४ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- चुनाव आयोगले पश्चिम बंगाल विधानसभा चुनाव २०२६ लाई निष्पक्ष र निर्भीक बनाउन कडा निर्देशहरु जारी गरेको छ।

- पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रिया अन्तर्गत चुनाउ आयोगले विचाराधिन मतदाताहरूको पहिलो अतिरिक्त सूची जारी गरेको छ।

- मुख्यमन्त्रि ममता ब्यानर्जीले चुनाव आयोगको एउटा सूचनामा भाजपाको छाप स्पष्ट रूपमा देखिएको दाबी गर्नु हुँदै, भाजपाले संवैधानिक संस्थाहरूलाई हतियार बनाएको आरोप लगाउनु भयो|

- आज विश्व क्षय रोग दिवस World TB Day "Yes, We Can End TB" थिमका साथ दार्जीलिङमा विशेष कार्यक्रम पालन गरियो।

- मौसम विभागले उत्तर अनि दक्षिण बंगालको लागि मेघ गर्जनसितै वर्षा अनि तीव्र हावा चल्ने पूर्वानुमान जारी गरेको छ। उत्तर बंगालका केही जिल्लाहरूको लागि अरेञ्ज अलर्ट जारी गरिएको छ।

**<u>चुनाव आयोग निर्देश</u>**

चुनाव आयोगले पश्चिम बंगाल विधानसभा चुनाव २०२६ लाई निष्पक्ष र निर्भीक बनाउन तयारी तीव्र बनाएको छ। आयोगले जिल्ला निर्वाचन अधिकारी (DEOs), पुलिस अधीक्षक (SPs) र पुलिस आयुक्त (CPs) सँग उच्चस्तरीय अनलाइन समीक्षा बैठक गर्दै चुनावमा हिंसा र प्रलोभनलाई कुनै ठाउँ नदिने स्पष्ट सन्देश दिएको छ। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले प्रत्येक मतदाता बिना डर मतदान केन्द्रसम्म पुग्न सक्ने वातावरण बनाउनु आयोगको प्रमुख लक्ष्य रहेको स्पष्ट पार्नु भएको थियो। सोही उद्देश्य अनुसार संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यहाँ कडा सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिइएको छ। बैठकमा राष्ट्रिय स्तरका मास्टर ट्रेनरहरूले अधिकारीहरूलाई विशेष प्रसिक्षण दिनु भयो। चुनाव खर्चको निगरानी, अवैध नगद र मदिरा नियन्त्रण, साथै आदर्श आचार संहिता (MCC) को कडा रूपमा पालना गराउने विषयमा जोड दिइएको छ। साथै इलेक्ट्रोनिक भोटिङ मेसिन (EVM) को सुरक्षा र व्यवस्थापनबारे प्राविधिक प्रसिक्षण पनि प्रदान गरिएको छ।

आयोगले २५ मार्चमा सबै रिटर्निङ अफिसरहरू (ROs) का लागि विशेष प्रसिक्षण कार्यक्रम आयोजना गर्ने जनाएको छ। यस प्रसिक्षणको उद्देश्य चुनाव सञ्चालनका कानुनी र प्रशासनिक प्रक्रियाबारे अधिकारीहरूलाई सक्षम बनाउनु हो। साथै सबै मतदान केन्द्रहरूमा पिउने पानी, बिजुली र र्याम्प जस्ता न्यूनतम सुविधा सुनिश्चित गर्न निर्देशन दिइएको छ। चुनाव घोषणा भए पछि १८१ करोड रुपियाँ भन्दा बढी मूल्यको अवैध नगद, मदिरा र अन्य सामग्री जफत गरिएको छ। अवैध प्रचारविरुद्धको अभियानअन्तर्गत ३ लाखभन्दा बढी पोस्टर हटाइएको छ। करीब ४००० निगरानी टोली—उडन्ते दस्तादेखि स्ट्याटिक सर्विलान्स टोलीसम्म—मैदानमा खटाइएको छ। कालीघाट र बड़ानगर क्षेत्रमा हालै भएका हिंसात्मक घटनापछि पुलिस र केन्द्रीय बलहरूले सुरक्षा कडा बनाएका छन्|

**एसआईआर बंगाल**

पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रिया अन्तर्गत चुनाउ आयोगले विचाराधिन मतदाताहरूको पहिलो अतिरिक्त सूची जारी गरेको छ। यो सूची सोमवार राती ११ बजेर ५५ मिनेट प्रकाशित गरिएको हो। तथापि आयोगले अहिलेसम्म यो स्पष्ट पारेको छैन, कति वटा मामिलाहरू सुल्झाइएको छ र कति मतदाताहरूको नाम सूचीबाट हटाइएको छ। आयोगद्वारा सूची मात्र जारी भएको पुष्टि गरिएको छ। जानकारी अनुसार यस अतिरिक्त मतदाता सूचीलाई बूथगत दुई भिन्न भागहरूमा प्रकाशित गरिएको छ। नाम हटाइएका मतदाताहरूको दोस्रो सूची पनि जारी गरिएको छ। चुनाउ आयोग सूत्र अनुसार मतदाताहरूले आफ्नो बूथ अनुसार अतिरिक्त सूची डाउनलोड गरेर यो जाँच गर्न सक्नेछन् कि उनीहरूको नाम सूचीमा छ अथवा छैन। तथापि सूची जारी भएपछि तकनिकी समस्याहरूको सिकायत पनि सामु आएको छ। रिपोर्टहरु अनुसार, अधिकांश बूथहरूको अतिरिक्त सूची डाउनलोड हुन सकिरहेको छैन। यहाँसम्म कि मतदाता पहिचान पत्र संख्या (एपिक नम्बर) दर्ता गर्दा समेत नाम देखाइरहेको छैन। अहिलेसम्म कति मामिलालाई सुल्झाइयो र त्यसबाट कतिजनाको नाम हटाइयो, त्यसको विस्तृत आँकड़ा जारी गरिएको छैन। यसबीच आफ्नो मामिलालाई लिएर आपत्ति रहेका मतदाताहरूले ट्राइब्यूनलमा पहिला अनलाइन माध्यमबाट र दोस्रो अफलाइन माध्यमबाट आगामी दुई तारिकदेखि अपील गर्न सक्नेछन्। अनलाइन आवेदन चुनाउ आयोगको मोबाइल अनुप्रयोग वा आधिकारिक जालस्थलको वेबसाइटबाट गर्न सकिनेछ भने अफलाइन आवेदन जिल्लाधिकारी, अतिरिक्त जिल्लाधिकारी तथा महकुमा अधिकारी समक्ष गर्न सकिन्छ।

**मुख्यमन्त्रि चुनाव आयोग**

बंगालमा २०२६ को विधानसभा चुनाव (पश्चिम बंगाल विधानसभा चुनाव २०२६) को तालिका घोषणा भएदेखि नै तृणमूल कांग्रेस (टीएमसी) केन्द्रीय एजेन्सीहरू र निर्वाचन आयोगको भूमिकामाथि प्रश्न उठाउँदै आएको छ। उत्तर बंगाल भ्रमणको लागि प्रस्थान गर्नुअघि आज कोलकाता विमानस्थलमा, मुख्यमन्त्री ममता ब्यानर्जीले भारतीय चुनाव आयोग (ईसीआई) द्वारा जारी गरिएको एक विशेष सूचनाको बारेमा सनसनीपूर्ण आरोप लगाउनु भयो। उहाँले आयोगको एउटा सूचनामा भाजपाको छाप स्पष्ट रूपमा देखिने दाबी गर्नु भयो। सम्बन्धित कागजात हातमा समातेर, मुख्यमन्त्रीले भन्नु भयो, "अन्ततः, रहस्य बाहिर आएको छ।" लामो समयदेखि, तृणमूल प्रमुखले चुनाव आयोग भाजपाको आदेशमा काम गरिरहेको आरोप लगाउँदै आउनु भएको छ। आजको यो बयानबाजीलाई अझ तीव्र पार्दै, मुख्यमन्त्रीले उनीहरूलाई चुनौती दिँदै सोधिन्, "तपाईंहरू पछाडिको ढोकाबाट किन आउनुभएको हो? सिधै हाम्रो सामना गर्नुहोस्।" उनले भाजपाले संवैधानिक संस्थाहरूलाई हतियार बनाएर तानाशाही नियन्त्रण स्थापित गरिरहेको आरोप लगाउनु भयो। यद्यपि, यस विषयमा स्पष्टीकरण दिँदै आयोगले यसलाई ""लिपिकीय त्रुटि" अथवा तकनीकी चूक भनेको छ। मुख्यमन्त्रीले मतदाताहरूको नाम मनमानी रूपमा हटाउने षड्यन्त्र भइरहेको पनि आरोप लगाउनु भयो।

**विश्व क्षय रोग दिवस**

आज विश्व क्षय रोग दिवस World TB Day "Yes, We Can End TB" थिमका साथ दार्जीलिङमा विशेष कार्यक्रम पालन गरियो । National Health Mission अन्तर्गत तथा Department of Health and Family Welfare, West Bengal को आयोजनामा सम्पन्न कार्यक्रममा वैष्णवी प्रोडक्सनका नाट्य कलाकारहरू आदित्य राया, प्रिया थामी तथा सुहासना थामीले टीबी रोकथाम सम्बन्धी जनचेतनामूलक नाटक प्रस्तुत गरेका थिए। आजको कार्यक्रममा टीबी रोगीहरूलाई महाकाल मन्दिर पुजा कमिटी एंव अन्यको सहयोगमा पौष्टिक आहारहरु पनि वितरण गरियो भने निक्षय पोषण योजना मार्फत पनि पौष्टिक आहार प्रदान गरियो। कार्यक्रम अवधि एउटा र्‍यालीको आयोजना गरिएको थियो भने यो र्‍याली दार्जीलिङ बजार परिक्रमा गर्दै चौरस्तामा पुगेर समापन गरिएको थियो।

र्‍यालीको समापन पश्चात् चौरस्ता परिसरमा  पुनः वैष्णवी प्रोडक्सनका कलाकारहरूले जनचेतनामूलक नाटक प्रस्तुत गरेका थिए। यस कार्यक्रमले दार्जीलिङ पहाडमा क्षयरोग मुक्त समाज निर्माण गर्ने दिशामा महत्त्वपूर्ण भूमिका खेल्ने आयोजक पक्षले विश्वास व्यक्त गरेको छ।

**दार्जिलिङ जिल्ला अस्पताल**

दार्जिलिङ जिल्ला अस्पतालका कर्मचारी र विभिन्न ब्लकका प्रतिनिधिहरूले आज विश्व क्षयरोग दिवस पालन गर्‍यो। उनीहरूले जनसाधारणलाई जागरूक गराउन अनि सन्देशको रूपमा र्‍याली पनि निकाले। अहिले क्षयरोग उन्मूलनको चरणमा रहेको र सरकारी प्रतिष्ठानको उचित जागरूकता र सहयोगले यस रोगको पूर्ण उन्मूलनको लागि लड्न सकिने बिजनबारी खण्डका उपचार अधिकारी विजय सुब्बाले बताएका छन्। यसैगरी विश्व क्षयरोग दिवसको अवसरमा जनचेतना अभियान आज पानीघट्टा उप स्वास्थ्य केन्द्रमा पनि आयोजना गरियो। “We Can End TB” नारासहित जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ। “TB मुक्त देश, TB मुक्त बङ्गाल” बनाउने लक्ष्यसहित आयोजित यस अभियानमा स्थानीय स्वास्थ्य विभाग तथा National TB Elimination Programme ले सहभागिता जनाएको छ।
कार्यक्रममार्फत क्षयरोग विरुद्ध लड्न जनताको सक्रिय सहभागिता आवश्यक रहेको सन्देश दिइएको छ। “Led by countries, powered by people” भन्ने मूल मन्त्रसहित सबैलाई एकजुट भएर TB अन्त्य गर्ने अपिल गर्दै समयमै जाँच र उपचार गरौं, TB मुक्त समाज निर्माण गरौं भन्ने सन्देश यस कार्यक्रमले दिएको छ।

**पश्चिम बंगाल सरकार**

पश्चिम बंगाल सरकारले हिंसामुक्त र भयमुक्त निर्वाचन सुनिश्चित गर्न, सबै सरकारी विभाग र अधिकारीहरूका लागि विस्तृत दिशानिर्देशहरू जारी गरेको छ। राज्य प्रशासनले स्पष्ट पारेको छ कि कुनै पनि प्रकारको हिंसा वा अनियमिततालाई सहनेछ।

***नबन्नास्थित राज्य सचिवालयले जारी गरेको अधिसूचनामा चुनावको समयमा पारदर्शिता र व्यवस्था कायम राख्न छवटा प्रमुख बुँदाहरूमा जोड दिइएको छ। यसले हिंसामुक्त वातावरण सुनिश्चित गर्न प्राथमिकता दिन्छ र कुनै पनि अशान्ति विरुद्ध कडा कारबाहीको चेतावनी दिन्छ।***
***राज्य सरकारले मतदाताहरूलाई धम्काउने कुनै पनि प्रयास रोक्न र आफ्नो मताधिकार प्रयोग गर्दा कसैले पनि दबाब वा डरको सामना नगर्ने कुरा सुनिश्चित गर्न अधिकारीहरूलाई निर्देशन दिएको छ।***
***दिशानिर्देशहरूमा चुनाव पूर्ण रूपमा प्रलोभनमुक्त हुनुपर्ने पनि उल्लेख छ। पैसा वा उपहारले मतदाताहरूलाई प्रभाव पार्ने कुनै पनि प्रयासलाई कडाइका साथ लियिने छ।***
***सरकारले जालसाजीपूर्ण मतदान विरुद्ध शून्य-सहिष्णुता नीति पनि घोषणा गरेको छ, जसलाई सामान्यतया बुथ कब्जा गर्ने वा छापा मार्ने मतदान भनिन्छ। थप रूपमा, मतदान केन्द्रहरूमा बुथ अवरुद्ध गर्ने वा अवैध भेला हुने घटनाहरू रोक्न कडा उपायहरू लागू गरिएको छ।***
***अधिसूचनाले मतदाताहरूको आवागमनमा अवरोध गर्ने कुनै पनि प्रयास कानुनी कारबाहीको परिणाम हुनेछ भनेर पनि स्पष्ट पारेको छ। यसका साथै, सबै सरकारी कर्मचारीहरूलाई आदर्श आचारसंहिताको पालना सम्बन्धी विशेष सतर्कता अपनाउन निर्देशन दिइएको छ।***

**मुख्यमन्त्री इस्टर**

इस्टरको अघि, मुख्यमन्त्री सुश्री ममता बनर्जीले आज जलपाईगुडीको बाटाबारीमा रहेको सेन्ट लुसी चर्चको भ्रमण गर्नुभयो। क्रिश्चियन समुदायले उहाँलाई भव्य स्वागत गरे। उहाँले सबैको स्वास्थ्य, कल्याण र शान्तिको लागि विनम्र प्रार्थना गर्नुभयो र

क्रिश्चियन समुदायका पादरी अनि सदस्यहरूसँग कुराकानी गर्नुभयो। यस चर्चमा भेला भएका मानिसहरुलाई सम्बोधन गर्नु हुँदै उहाँले भन्नु भयो - "पश्चिम बंगाल सधैं सबै जाति, सम्प्रदाय, समुदाय र वर्गहरूमा सम्मान, सद्भाव र समावेशीकरणलाई कायम राख्ने बाटोमा अगाडि बढ्नेछ।

नवन्नले यी निर्देशिकाहरू सबै सरकारी विभागहरू, सार्वजनिक क्षेत्रका उपक्रमहरू, स्वायत्त संस्थाहरू, नगरपालिका निकायहरू र पञ्चायत स्तरहरूमा प्रसारित गरिनुपर्ने बताएको छ। सबै विभागहरूलाई २५ मार्च साँझ ५:३० बजेसम्म तोकिएको इमेल अडेरेसमा अनुपालन रिपोर्टहरू पेश गर्न निर्देशन दिइएको छ।

**लाटागुरी फोरेस्ट**

जलपाईगुडी जिल्लाको लाटागुरी फोरेस्टमा पर्यटकहरूलाई वन्यजन्तु देखाउँदा लापरवाहीको घटनाहरू बढ्दै गएको छ। पर्यटकहरूलाई खुशी पार्न जिप्सी चालक र गाइडहरूले हात्ती र अन्य वन्यजन्तुहरूको धेरै नजिक आफ्नो सवारी साधन रोकेर जोखिम बढाएको आरोप छ।हालैको एक घटनामा केही पर्यटकहरू भाग्यवस भाग्न सफल भए भने एउटा जिप्सी गाडीमा पनि क्षति पुगेको छ। यस्ता घटनाहरूलाई ध्यानमा राख्दै वन विभागले कडा अडान लिएको छ।वन विभागले नियम उल्लङ्घन गरेर जंगल भित्र पार्किङ गरिएको कुनै पनि जिप्सी गाडीको अनुमति अस्थायी रूपमा रद्द गरिने स्पष्ट पारेको छ। पर्यटकहरूको सुरक्षा र वन्यजन्तुको संरक्षणलाई ध्यानमा राखेर यो कदम चालिएको हो।लाटागुरी रेन्जका अधिकारी संजय दत्तले सबै चालकहरूलाई वन्यजन्तु देखिएमा आफ्नो सवारी साधन रोक्नुको सट्टा सामान्य गतिमा अगाडि बढ्न र जनावरहरूलाई कुनै पनि तरिकाले बाधा नपुऱ्याउन निर्देशन दिनुभएको छ। नियम उल्लङ्घन गर्नेहरूमाथि कडा कारबाही गरिने पनि उहाँले बताउनुभएको छ।

**चैती छठ पर्व**

दार्जिलिङको ठूलो ठाकुरबारी मन्दिरमा चैती छठ पर्व ठूलो श्रद्धा र उत्साहका साथ मनाइएको छ। यस अवसरमा ठूलो सङ्ख्यामा भक्तजनहरू भेला भई सूर्य देवतालाई अर्घ्य अर्पण गर्दै परिवारको सुख-समृद्धिको कामना गरेका छन्। मन्दिर परिसरमा भक्तिमय वातावरण रहेको थियो भने प्रशासनले सुरक्षा र व्यवस्थापनका लागि उचित प्रबन्ध गरेको थियो।

**दक्षिण २४ परगना**

चुनाव हुनुभन्दा लगभग एक महिना अगाडि, पश्चिम बंगालको दक्षिण २४ परगनास्थित रायदीघी क्षेत्रमा एक भाजपा कार्यकर्ताको निर्मम हत्याको घटना प्रकाशमा आएको छ। पीडितको घर नजिकै भएको यो घटनाले सम्पूर्ण इलाकामा स्तब्ध बनाएको छ। घटनाको पछाडिको उद्देश्य - विशेष गरी यो राजनीतिक षड्यन्त्रबाट आएको हो अथवा व्यक्तिगत झगडाबाट - भन्ने बारेमा तीव्र अड्कलबाजीहरू उठेका छन् र हाल विभिन्न सिद्धान्तहरू प्रस्तुत भइरहेका छन्। मंगलबार राति उहाँलाई फोन कल मार्फत उहाको घर नजिकैको क्षेत्रमा बोलाइएको आरोप छ, जहाँ मृतकको घाँटी काटेर हत्या गरिएको थियो। पुलिस सुत्र अनुसार यस घटनाको सम्बन्धमा पीडितकी श्रीमती र एक युवा पुरुष छिमेकीलाई पक्राउ गरिएको छ। पुलिसले यस मामिलामा अनुसन्धान सुरु भएको बताएको छ|

**मौसम**

राज्यमा हुरी-बतासको सिलसिला रोकिएपछि फेरि एकपल्ट मौसम बिग्रिने संकेत प्राप्त भएको छ। मौसम विभागले उत्तर अनि दक्षिण बंगालको लागि मेघ गर्जनसितै वर्षा अनि तीव्र हावा चल्ने पूर्वानुमान जारी गरेको छ। आज उत्तर बंगालका केही जिल्लाहरूको लागि अरेञ्ज अलर्ट जारी गरिएको छ।

मौसम विभाग अनुसार मंगलवारदेखि नै उत्तर बंगालका दार्जीलिङ कालेबुङ, जलपाईगुड़ी, कुचबिहार तथा अलिपुरदुवार जिल्लामा मेघ गर्जनसितै वर्षाको तीव्रता बढ्नेछ भने यस अवधि हावाको गति 50-60 किलोमीटर प्रतिघण्टा पुग्नसक्छ। मौसम विभागहरूले बताए अनुसार एक सक्रिय घूर्णावर्त औ अक्ष रेखाको प्रभावले बंगालको खाड़ीबाट भारी मात्रामा नमी राज्यमा प्रवेश गरिरहेको छ।

**********